# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
**Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.**

**नेपाल राष्ट्र बैंक बाट 'घ' वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)**

**केन्द्रीय कार्यालय, बुटवल-१०, रूपन्देही ।**

# १५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०८२/१०/२८ गते**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस संस्थाको मिति २०८२/१०/२७ गतेका दिन बसेको सञ्चालक समितिको २४१औं बैठकको निर्णय बमोजिम संस्थाको १५औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नका लागि कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवम् उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय**

**मिति:** २०८२/११/३० गते शनिवार (तदनुसार १४ मार्च, २०२६)

**स्थान:** होटल न्यू ईरा, बुटवल उप-महानगरपालिका वडा नम्बर ०९, कालिकापथ, रूपन्देही।

**समय:** अपराह्न १:०० बजे

**छलफलका विषयहरू:**

क) सामान्य प्रस्तावहरू :-

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**ख. विशेष प्रस्तावहरू:-**

१. भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्ती सँग सम्बन्धीत सम्पूर्ण प्रकृयाहरू पूरा गर्न गराउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने।

**ग. विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी**

१. १५औं वार्षिक साधारण सभा प्रयोजनको लागि शेयरधनी दर्ता किताब मिति २०८२/११/१२ गतेका दिन बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/११/११ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि. नक्साल, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयर धनी कितावमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन पाउन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सूचित गरिन्छ।

२. १५औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनी महानुभावहरूले यस संस्थाको केन्द्रीय कार्यालयबाट, संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि. नक्साल, काठमाण्डौंबाट वा सभा हुने दिन साधारण सभा स्थलबाट प्राप्त गर्न सक्नुहुनेछ। साथै, यस संस्थाको वेबसाईट www.jucbank.com.np मा समेत हेर्न सक्नुहुनेछ।

३. सभामा भाग लिन उपस्थित हुने शेयर धनी महानुभावहरूले संस्थाको शेयर अभौतिकीकरण/ अभौतिकीकरण खाताको विवरण (शेयर अभौतिकीकरण नगरेका शेयरधनीहरूको हकमा सक्कल शेयर प्रमाण पत्र) र यी दुई मध्ये कुनै एकका साथ आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपी अनिवार्य रूपमा साथमा लिएर आउनु हुन अनुरोध गरिन्छ। संगठित संस्था वा कम्पनीबाट प्रतिनिधित्व गर्ने भएमा कम्तीमा ४८ घण्टा अगावै संगठित संस्थाको आधिकारीक पत्र यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ।

४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले तोकिएको ढाँचामा संस्थाको शेयरधनीहरूलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१०, रूपन्देहीमा साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ। उल्लेखित दिन सार्वजनिक बिदा परेमा समेत सो प्रयोजनका लागि संस्थाको केन्द्रीय कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ। प्रोक्सी फारम यस वित्तीय संस्थाको वेबसाईट www.jucbank.com.np बाट download गर्न सकिनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ। एकै शेयरधनीले एक भन्दा बढी व्यक्तिहरूलाई प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेको पाईएमा त्यस्तो सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरीसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा नीजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको उपस्थिती पुस्तिकामा दस्तखत गर्नु पर्नेछ, शेयरधनी उपस्थिती पुस्तिका दिउँसो १२:१५ बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ।

७. नाबालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नेछन। शेयरवालाको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ। संयुक्त शेयर धारण गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्ति गरिएको १ जना व्यक्तिले मात्र भाग लिन र मतदान गर्न पाउनेछन्।

८. शेयरधनीज्यूहरू बाट व्यक्त गरिएका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा नीजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।

९. संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ।

१०. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनी महानुभावहरूले छलफल गर्न चाहेको विषय सभा हुनुभन्दा ७ दिन अगाबै लिखित रूपमा अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ। तर त्यसलाई पारित गर्ने प्रस्तावको रूपमा राखिने छैन।

११. अन्य थप जानकारीका लागि संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१०, कालिकानगर, रूपन्देही वा कार्यालयको फोन नं. ०७१(४३८१७१ मा सम्पर्क गर्नुहुन अनुरोध छ।